# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## दिप्रुङ चुइचुम्मा गाउँपालिका
## खोटाङ्ग




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण निर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७

च.नं : ५६६

मितिः २०७७/३/२८

श्री अध्यक्षज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ्ग ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण निर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६/७७
च.नं.: ४५३

मिति: २०७७।३।२५

श्री अध्यक्षज्यू,
दिप्रुङ्ग गाउँपालिका,
खोटाङ्ग ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङाको को आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ८६ लाख ९० हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. ७४ लाख , नियमित गर्नुपर्ने रु.९ लाख ७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १३ लाख ३० हजार र पेश्की रु.२ करोड ८९ लाख ८१ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना तेत्तीस (३३) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाँउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..................................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# दिपुङ चुइचुम्मा गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।०७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने गरी यो गाउँपालिका मिति २०७३ मा स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको प्रमुख उद्देश्य हो । यस गाउँपालिका अर्न्तगत ७ वडा रहेको ४३ सभा सदस्य १३६.४८ वर्ग कि.मी. क्षेत्रफल, करिब २२३८७ जनसंख्या रहेको यो गाउँपालिका १ नं.प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४७३५०४४६।०० | १ | **चालु खर्च** | २२१७०४५७८।०० | २२१७०४५७८।०० |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १६०८५७५०६।०० | १६०८५७५०६।०० |
| | ख) बैंक | ४७३५०४४६।०० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजश्व (आन्तरिक आय)** | | ५०१६०२३१।४६ | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजश्व | ५६९६१६।१७ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजश्व बाँडफाँड | ४९०९१४१५।२९ | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) अन्य आय | ४९९२००।०० | | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २६८८४०१७०।०० | | ऋण लगानी | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | ८२७००००००।०० | | | शेयर लगानी | ० | |
| | ख) सशर्त अनुदान | १७०७१५१७०।०० | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | १५४२५०००।०० | | ५ | **धरौटी फिर्ता** | | ० |
| | घ) विशेष अनुदान | ०।०० | | ६ | **कोष फिर्ता खर्च** | १४२०२७१२।०० | १४२०२७१२।०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २२६९५९६२।१६ | ७ | **मौज्दात** | | ३८५६२०१३।६२ |
| | क)वित्तीय समानीकरण अनुदान | ५७३०९६२।१६ | | | क) नगद मौज्दात | ० | |
| | ख) सशर्त अनुदान | १३५०००००।०० | | | ख) बैंक मौज्दात | ३८५६२०१३।६२ | |
| | ग) प्रदेश बिकास कोष | ३४६५०००।०० | | | | | |
| | घ) विशेष अनुदान | ०।०० | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता ( नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ४६२८००००।०० | ४६२८००००।०० | | | | |
| १० | **धरौटी आय** | | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | ४३५३२६८०९।६२ | ४३५३२६८०९।६२ | | **जम्मा** | **४३५३२६८०९।६२** | **४३५३२६८०९।६२** |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१.</td><td>असुली: लेखापरीक्षणको क्रममा दोहोरो सामाजिक सुरक्षा भत्ता भुक्तानी बापतको वडा नं. १ को रु २४०००।००, वडा नं. २ को रु २४०००।००, वडा नं. ३ को रु १६०००।००, वडा नं. ४ को रु १४३२००।०० र वडा नं. ७ को ८०००।०० समेत रु २१५२००।०० मिति २०७६।११।२२ गते राष्ट्रिय वाणिज्य वैंक, खोटाङको संघीय संचित कोषमा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>संचित कोष दाखिला- अन्तरसरकारी वित्तिय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शनको वुदा नं ७ मा शशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई वचत भएमा संचित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी प्रदेश सरकारको अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ (३) मा आर्थिक बर्षको अन्तसम्ममा खर्च नभएको सशर्त अनुदानको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले संघीय सरकारबाट प्राप्त सशर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रु १६८४७००४।०० र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम मध्ये रु ४००७८४०।०० समेत रु २०८५४८७४।०० खर्च नभई बचत रहेकोमा सो मध्ये सघीय सरकारको रु १४२०२७१२।०० मिति २०७६।४।२३ मा संचित कोष दाखिला भएको र संघीय सरकारको बाँकी रु २६४४२९२।०० र प्रदेश सरकारको रु ४००६९४०।०० लेखापरीक्षण अवधिसम्म पनि संचित कोष दाखिला नभएकोले उक्त रकम संचित दाखिला हुनुपर्ने रु
<table>
<tr><th>सि.नं</th><th>कार्यक्रमको नाम</th><th>फिर्ता हुनुपर्ने रकम</th></tr>
<tr><td>१.</td><td>सशर्त अनुदान (प्रदेश)</td><td>३४९८०००</td></tr>
<tr><td>२.</td><td>प्रदेश निर्वाचन क्षेत्र</td><td>५०८९४०</td></tr>
<tr><td>३.</td><td>संघीय सशर्त कार्यक्रम (स्वास्थ्य)</td><td>२४८१७६७</td></tr>
<tr><td>४.</td><td>समपूरक कोष</td><td>१००००</td></tr>
<tr><td>५.</td><td>साना सिंचाई</td><td>१५२५२५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६६५१२३२</td></tr>
</table></td><td>६६५१२३२.००</td></tr>
<tr><td>३.</td><td>वैक हिसाब विवरण: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गाउँकार्यपालिकाको वैक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको वैक मौज्दात रु ९९८१९१४२।६५ देखिन्छ । सो मध्ये मिति २०७६।४।२३ मा फिर्ता दाखिला गरेको रु १४२०२७१२।०० घटाउँदाको मौज्दात रु ८५६१६४३०।६५ रहन्छ । गाउँपालिकाले स्रेस्तामा देखाएको मौज्दात रु ३८५६२०१३।६५ देखिन्छ । स्रेस्ता भन्दा बैंक मौज्दात रु ४७०५४४१७।०३ ले बढी देखिन्छ । गाउँपालिकाले बैंक हिसाब विवरण तयार गरेको पाइएन । अत: बैंक बढी मौज्दात रु ४७०५४४१७।०३ सम्बन्धमा बैंक हिसाब विवरण तयार गरी आम्दानी बाँध्न छुट भएको रकम आम्दानी बाँध्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>निकाशा फरक: कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त खर्चको विवरण अनुसार सोझै भुक्तानी अन्तर्गत स्वीस सरकारबाट प्राप्त अनुदान रु ८४४५६८६।०० निकाशा/खर्च भएको देखिन्छ । तर गाउँपालिकाले उपलब्ध गराएको विवरणमा स्वीस अनुदान अन्तर्गत सोझै भुक्तानीमा रु ७६३२१७०।०० मात्र निकाशा देखाएकोले कोष तथा लेखा नियन्त्रक कार्यालयले देखाएको निकाशा भन्दा गाउँपालिकाले रु ८१३५१६।०० घटी निकाशा देखाएको सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गरी निकाशा एकिन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>जिम्मेवारी- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा रु ४६७६४२२५।०० जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु ४७३५०४४६।०० मा रु ५८६२२१।०० बढी जिम्मेवारी सारेको देखिन्छ । वित्तिय विवरणमा बढी जिम्मेवारी सार्नु पर्नाको कारण खुलासा गरेको छैन ।</td><td></td></tr>
<tr><td>६.</td><td>लेखा श्रेस्ता: स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा गाँउपालिकाको कारोवार आयव्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शिर्षकको वर्गिकरण तोकिए बमोजिम हुने व्यवस्था रहेको छ । आर्थिक विवरण र मास्केवारी विवरणमा रकमगत वर्गीकरण नगर्दा कुन शीर्षकमा कति रकम खर्च भयो सोको यथार्थता एकिन हुन सकेन । गाउँपालिकाले तोकिएको ढाँचामा आर्थिक</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | विवरणहरू र तोकिएका म.ले.प. फारामहरू तयार गरी आम्दानी खर्चको यथार्थता प्रस्तुत गर्नुपर्दछ ।<br>साथै संघीय हस्तान्तरित कार्यक्रम सशर्त अनुदान र समानिकरण अनुदान र समपूरक अनुदान र प्रदेश अनुदानको को.ले.नि.का. खोटाङबाट निकासा एवं खर्च भिडान गरेको प्रमाणित आर्थिक विवरणहरु समेत लेखापरीक्षणलाई पेश हुन आएन । | |
| ७. | **सञ्चित कोषः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६९ मा स्थानीय सञ्चित कोष सम्वन्धि व्यवस्था रहेको छ । प्रत्येक गाउँपालिकाको एउटा स्थानिय सञ्चित कोष रहने र कोषमा आउने सवै रकम जम्मा गरी कानुन वमोजिम खर्च गरिने उल्लेख छ । गाउँपालिकाले आन्तरीक आय वित्तिय समानिकरण अनुदान, प्रदेश समानिकरण अनुदान विषयगत सशर्त अनुदान लगायतको आम्दानीको गोश्वारा भौचर तयार गर्ने खर्च ट्रान्सफर गर्ने र वैंक नगदी किताबमा अभिलेख राख्ने गरेको पाइएन । त्यस्तै आर्थिक वर्षको अन्त्यमा वचत रहेको रकम समेत ऐनको दफा ७५ अनुसार स्वतः ट्रान्सफर गरेको पाईएन । सञ्चित कोषको लेखा नराखेकोले आम्दानी खर्चको यथार्थ स्थिति एकिन हुन सकेन । तोकिए वमोजिम सञ्चित कोषको हिसाव अद्यावधिक गरिनु पर्दछ । | |
| ८. | **लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा गाउँपालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| ९. | **राजश्व अभिलेख :** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश ३ आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ (भ) मा वित्तिय विवरण सम्वन्धी व्यवस्था छ । यस पालिकाले यस बर्ष रु ५६९५३५।९७ राजश्व आन्तरिक आम्दानी भएको भनि देखाएकोमा राजश्व आम्दानीको, बैंक दाखिला भौचरका आधारमा म.ले.प. फा.नं. १०८ राजश्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प. फा.नं. २३ को राजश्व आम्दानी बैंक नगदी किताब लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन । आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १०. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरूले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले प्रयोग गरेको पाईएन । | |
| ११. | **राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजश्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजश्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरू तोकिएको छ । गाउँपालिकामा आ.व. ०७५।७६ मा राजश्व परामर्श समितिको बैठक बसेको समेत पाइएन । कानुनी व्यवस्था अनुसारका कार्यमा समिति सक्रिय हुनुपर्दछ । | |
| १२. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यस्तै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका वमोजिम स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा आषाढ १० मा पेश गरि आषाढ २५ भित्र स्वीकृती हुनुपर्ने उल्लेख छ । सभावाट मिति २०७५।३।१० मा बजेट स्वीकृत गरी मिति २०७५।४।१८ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । | |

१३. **श्रोत अनुमान तथा बजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ॠण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।

१४. **लाभ लागत विश्लेषणः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।

१५. **अग्रीम करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिमको अग्रीम करकट्टी गरी दफा ९० बमोजिम विवरण सहित दाखिला हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक विवरणमा देखाएको आ.व २०७५।०७६ मा करकट्टी गरेको रकम रु.१५५०३।०० लेखापरीक्षण मिति २०७६।११।१९ सम्म पनी राजश्व दाखीला गरेको पाइएन । साथै आर्थिक विवरणमा नदेखाएको तर कर कट्टी दाखिला गर्न बाँकी रहेको रु ३८८०५ समेत जम्मा रु ५४३०८ राजस्व दाखिला हुनुपर्ने रु

| कार्यक्रम | गो.भौ.नं. र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| कृषक पाठशाला | ३/०७६/३/३१ | लक्ष्मी प्रसाद रेग्मी | ९०००.०० |
| खेलकूद | ३/०७६/३/३१ | तुलसी कुमार खड्का | १९३०५.०० |
| कन्टेन्जेन्सी | ५/०७६/३/३१ | | १०५००.०० |
| आर्थिक विवरणले दाखिला बाँकी देखाएको | | | १५५०३.०० |
| | | **जम्मा** | **५४३०८.००** |

५४३०८.००

१६. **दाखिलाः** कर्मचारी विमाको दाखिला बाँकी रु ४६००।०० लेखापरीक्षण मिति २०७६।११।१९ सम्म पनि सम्बन्धित खातामा दाखिला भएको नदेखिएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला हुनुपर्ने रु

४६००.००

१७. **कार्यक्रम परिवर्तन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । वडा कार्यालयहरूको सिफारीसमा गाउँकार्यपालिकाले मिति २०७५।१२।२७ मा निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।

| सि.नं. | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १. | खामडाँडा याम्खा सडक निर्माण | ६००००० | साप्सु निकेतन प्रा.वि.बाट मगर टोल कविनको घर माथिको गल्ली हुँदै कोलचौर सम्मको सडक निर्माण | ६००००० |
| २. | लक्षित समूह क्षमता विकास कार्यक्रम | ३००००० | वडा कार्यालयको प्राङ्गण सम्माउने काम | १२०००० |
| | | | कम्प्युटर टेवल निर्माण श्री मा.वि.याम्खा | १००००० |
| | | | खेलकुदको लागि | ८०००० |
| ३. | अनुदानको पोल ढुवानी | १५०००० | खुतुम्बु ओखरबोटे खा.पा.ट्याङ्की मर्मत तथा पाइप खरीद | १००००० |
| ४. | डाँडागाउँ भुर्चुङडाँडा घेम्पेडाँडा सडक निर्माण | ३००००० | विद्युत विस्तार बतासे | ३००००० |
| ५. | छितोपोखरी महवीर खोला मुहान भई बतासे | ३०००००० | छितापोखरी मुहान बतासे खा.पा.मर्मत योजना | ३०००००० |

| | | | | |
|---|---|---|---|---|
| ६. | खत्रीगाउँ खा.पा.रिजर्भ ट्याङकी मर्मत | १५०००० | चप्लेटी ज्यामिरे मलवासे खा.पा.मर्मत योजना | ३५०००० |
| ७. | आहाले मलवासे हुँदे ज्यामिरे जाने सडक | २००००० | | |
| ८. | काहुले देखि आहाले डाँडाखर्क सडक | ७००००० | कृष्ण मा.वि.टेम्मा घेराबारा (कम्पाउण्ड) | ७००००० |
| ९. | चण्डि निकेतन खेलमैदान मर्मत | ५०००० | चण्डि निकेतन शौचालय सिडि निर्माण | ५०००० |
| १०. | काली खोला मुहान भई आउने छ्यावला कुलो | ५०००० | सापातेल सान्धारा खानेपानी मर्मत | १००००० |
| ११. | आहालडाँडा दिल्पा सडक निर्माण | २००००० | उर्गेन पेमा छोलिङ बौद्ध गुम्बा जाने सडक | २००००० |
| | **जम्मा** | **५७०००००** | **जम्मा** | **५७०००००** |

१८. **लक्ष्य तथा प्रगतिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त योजना संचालनको प्रगती विवरण अनुसार यस वर्ष सञ्चालित कुल २०९ योजनाहरू मध्ये १ लाख भन्दा कमका ७७ योजना १-५ लाख सम्मका ६३ योजना, ५-१० लाख सम्मका २३ योजना र १० देखि ५० लाखसम्मका ३१ योजना र ५० लाख भन्दा माथी ५ योजना सञ्चालन भएकोमा ३ वटा योजना क्रमागत र ७ वटा योजनामा शुन्य प्रगती रहेको पाइयो । स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन हुनु पर्दछ ।

**शून्य प्रगति तथा कार्यक्रम संचालन नभएका योजनाहरुः**

| सि.नं. | संचालन नभएका योजनाहरु | रकम |
|---|---|---|
| १. | डाँडागाउँ मुहान गेमलुङ्ग दोरम्बु खा.पा. योजना वडा नं. ३ | १० लाख |
| २. | धिप्लुङ्ग खोला खा.पा.योजना वडा नं. ७ | १० लाख |
| ३. | उद्योग स्थापना | ४० लाख |
| ४. | छागाखोला चौतारा गोही खर्क सडक वडा नं. ७ | ५ लाख |
| ५. | गारापुस्थान जोड्ने सडक | ५ लाख |
| ६. | खहरे मुहान भई आउने याङसोला खा.पा. | १ लाख |
| ७. | रोसा मङपाङ प्रा.वि. मर्मत | ५० हजार |
| **क्रमागत अधुरा योजनाहरु** | | |
| ८. | छितापोखरी बतासे खा.पा. वडा नं. ४ | |
| ९. | टुवाखोला लामेबगर सिचाई | |
| १०. | टुकुरेखोला सोली ढुंगा मुहान कूलो | |

१९. **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरू देहाय बमोजिम उल्लेख छ ।

- प्रत्येक कर्मचारीको पदको कार्यविवरण वनाई लागू नगरेको,
- मर्मत अभिलेखको खाता नराखेको,
- जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको,

| | | |
|---|---|---|
| | • कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको,<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल,  कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा नगरेको,<br>• इन्धन खपतको लगबुक नराखेको,<br>• भ्रमणमा खटिने कर्मचारीहरूवाट भ्रमण प्रतिवेदन लिने नगरेको,<br>• कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>• प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरूमा स्वीकृत मितिहरू उल्लेख गर्ने नगरेको,<br>• बैंक नगदी किताब प्रमाणित नगरेको,<br>• यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,<br>• पेश्की माथि पेश्की दिने गरेको,<br>• पेश्की खाता नराखेको,<br>• एकिकृत जिन्सी किताव तयार नगरेको,<br>• सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८ वमोजिम खरिद योजना तयार नगरेको,<br>• सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ (३) वमोजिम इकाई स्थापना गरेको छैन,<br>• सञ्चालित कार्यक्रम सवै अनुगमन मूल्याङ्कन गरी सोको नियमित प्रतिवेदन तयार गर्ने गरेको छैन,<br>• वडा कार्यालयको संचालनको खरीदमा माग फाराम र खरीद आदेश नभएको र दाखिला प्रतिवेदन प्रमाणित नभएको,<br>• स्थायी लेखा नम्बर नभएकासँग ५०००।०० बढीको कारोबार गरेको,<br>• गाउँपालिकाले कार्यविधि तयार गरी बैठक भत्ता, अनुगमन भत्ताको दर निर्धारण नगरेको अवस्थामा अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसंचालन निर्देशिका अनुसार भत्ता लेख्नुपर्नेमा सोको पूर्ण पालना भएको देखिएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले नियमको पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| २०. | **प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ५ मा गाउँपालिका तथा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगमा पठाउनु पर्ने छ । यस गाउपालिकाले ऐनमा उल्लेख गरे अनुसार आय व्ययको चौमासिक शिर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन । | |
| २१. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आ.ले.प शाखा गठन समेत गरेको छैन । त्यस्तै आ.व २०७५।७६ को कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । अत: गाउँपालिकाले ऐनले तोके बमोजिम आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्दछ । | |

२२. **सेवा प्रवाह :** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. ०७५/०७६ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १ | विवाह दर्ता | २८१ |
| २ | जन्म दर्ता | ९८६ |
| ३ | मृत्यु दर्ता | १३७ |
| ४ | बसाईसराई (आएको) | १०९ |
| | बसाईसराई (गएको) | ४०० |
| ५ | सम्वन्ध विच्छेद | २ |
| **जम्मा** | | **१९१५** |

२३. **कानुन निर्माणः** गाउँपालिकाले आवश्यक्ताका आधारमा आ.व. २०७५।०७६ सम्म १९ वटा कानुन बनाई प्रमाणिकरण र राजपत्रमा सूचना प्रकाशन भएको देखिन्छ ।

२४. **न्यायिक समिति :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था गरेको छ । पालिकामा गठन भएको न्यायिक समितिले वार्षिक रुपमा प्रवाह गरेको सेवाको विवरण निम्नानुसार रहेको छ ।

| अ.ल्या | यस वर्ष थप मुद्दा | जम्मा मुद्दा | फछ्यौट संख्या | वाह्य प्रेषित मुद्दा | बाँकी |
|---|---|---|---|---|---|
| ० | ८ | ८ | ६ | २ | ० |

२५. **जिन्सी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तीको व्यवस्थापन तथा अभिलेख राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको वडाहरूमा जिन्सी सामानहरू खरिद गरी वडामानै दाखिला गर्ने गरेकोमा सो समेत समावेस गरी जिन्सी अद्यावधिक गरेको पाईएन । विषयगत शाखा र वडाहरुको समेत जिन्सी खाताको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन हुनुपर्दछ ।

२६. **कर्मचारी व्यवस्था** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा संगठन र दरवन्दी सम्वन्धी व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३४ रहेपनि पदपूर्ति ८ (४ जना संघमा समायोजन) रहेको देखियो । विभिन्न २६ पद रिक्त रहेको देखियो । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ ।

२७. **फरक शीर्षकबाट खर्च** : अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७३ को बुंदा नं. ३.३.२ खर्च शीर्षकको वर्गीकरण र व्याख्या बमोजिम खर्च शीर्षकमा खर्च लेख्नुपर्दछ । करार कर्मचारीहरुको पारिश्रमिक अन्य सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा तलब शीर्षकबाट रु ४१८८४८०।०० खर्च लेखेको छ । सम्बन्धित शीर्षकबाट खर्च लेख्नुपर्दछ ।

२८. **चौमासिक खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वित्तिय समानीकरण पुंजिगत तर्फ प्रथम चौमासिकमा १२ प्रतिशत, दोश्रो चौमासिकमा १५.२ प्रतिशत र तेश्रो चौमासिकमा ७२.६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ४२.२ प्रतिशत खर्च भई तेस्रो चौमासिकमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । आर्थिक बर्षको अन्तमा बर्षायाम सुरु भएपछि हुने विकास निर्माण कार्यको दीगोपना र गुणस्तरमा गाउँपालिकाले ध्यान दिन सकेको पाइएन । वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा बजेट खर्च गर्नु पर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च (रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | आषाढ |
| १. | वित्तिय समानीकरण पुंजिगत | १०८४८८ | १३१२६ | १६५७२ | ७८७८९ | ४६००३ |
| | खर्च प्रतिशतमा | | १२ | १५.२ | ७२.६ | ४२.४ |

२९. **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले कुल आन्तरीक आय तर्फ दर तोकेको तर आम्दानी गर्ने लक्ष्यनै नतोकेको र व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरूको अनुगमन गरेको पाईएन ।

३०. **वक्यौता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम गाउँपालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाउँमा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउन ताकेता समेत गरेको पाईएन यस क्षेत्रमा रु ९० हजार देखि रु १५ लाखसम्म पुँजी भएको व्यवसाय दर्ता १७ व्यवसायी मध्ये कुनैले पनि नविकरण गरेको पाइएन करदाताको वहाल कर नखुलेकोले उक्त रकम समेत एकिन गरि असुल गर्नुपर्दछ ।

३१. **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले ऐनमा व्यवस्था भए अनुसार कल्याण कोष स्थापना गरेको पाइएन ।

३२. **कोष व्यवस्थापन :** गाउँपालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित वनाउन विभिन्न कोषहरू स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभावाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ । पालिकाको वैठकले मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरू खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष संचालन कार्यविधी सभावाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधि तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

३३. **सोझै खरिद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ। नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा रु. ३८४१९८०.०० को वोलपत्र एवं सिलवन्दी दरभाउपत्र वेगर पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमानुसार दरभाउपत्र तथा वोलपत्र प्रक्रिया अपनाई गर्नुपर्दछ ।

| सि.नं. | भौचर नंम्वर मिति | भुक्तानी पाउने | भुक्तानी रकम | खरीद |
|---|---|---|---|---|
| १. | १३३/०७५/१०/१७ (चालु) | सुसेली सप्लायर्स प्रा.लि. (३०१६३४२४२) | ४९६३६४ | फर्निचर |
| २. | १३४/०७५/१०/१७ (चालु) | आलोक फर्निचर उद्योग (६०५०३१०२१) | ४९७२०० | फर्निचर |
| ३. | २९३/०७६/३/२५ (चालु) | क्यानल लिंक एण्ड सिभिल मल ( ३०२४८२८३०) | ३४३५८० | फर्निचर |
| ४. | ३४/०७६/३/३१ सशर्त स्वास्थ्य | कल्याण फार्मेसी | ९०४९० | औषधी |
| ५. | ३४/०७६/३/३१ सशर्त स्वास्थ्य | धर्मराज फर्मा (६०१९११७६३) | ४५३४६० | औषधी |
| ६. | ३४/०७६/३/३१ सशर्त स्वास्थ्य | धर्मराज फर्मा (६०१९११७६३) | ४४६५०९ | औषधी |
| ७. | ३४/०७६/३/३१ सशर्त स्वास्थ्य | धर्मराज फर्मा (६०१९११७६३) | ३९८६५ | औषधी |
| ८. | ३५/०७६/३/३१ सशर्त स्वास्थ्य | धर्मराज फर्मा (६०१९११७६३) कल्याण फार्मेसी | ५३९०० | औषधी |
| ९. | १५९/०७६/१/१२ पुँजीगत | पशुपती सर्जिकल | ४९९९९८ | स्वा.उपकरण |
| १० | १५९/०७६/१/१२ पुँजीगत | नेशनल सर्जिकल | ४६०९९४ | स्वा.उपकरण |
| ११. | १६३/७६/३/३१ | धर्मराज फर्मा | ४५९६२० | औषधी |
| १२. | | | ३८४१९८० | |

३४. **पुँजीगत कार्यक्रमः**

**निर्माण कार्यको अभिलेखः** निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागि नापी किताबमा अभिलेख राख्नुपर्दछ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख गरी राख्नुपर्नेमा सो अनुरुप अभिलेख राखेको छैन । प्रत्येक बिलको अलग अलग नापी किताब राख्दा योजनामा हालसम्मको भुक्तानी देखिने अवस्था छैन ।

३५. **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण सामाग्रीको दरभाउ र मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्दछ र यसरी तोकिएको दररटेबाट स्वीकृत नर्म्स बमोजिम आउने रकमको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले Heavy Equipment प्रयोग गरी विभिन्न प्रकारका माटो खन्न विगत ३ बर्षमा देहाय बमोजिम दररेट निर्धारण गरेको पाइयो ।

| सि.नं. | माटोको प्रकार | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ |
|---|---|---|---|---|
| १. | Sandy Soil काट्ने कार्य | ४५.३३ | ६०.०३ | ५५ |
| २. | सबै प्रकारकाको माटो काट्ने कार्य OS,HS,BMS,MS, SR | ६७.६९ | ८१.२५ | ६०.९४ |
| ३. | सामान्य चट्टान Ordinary Rock | ६७.६९ | ८१.२५ | ७३ |
| ४. | मध्यम प्रकारको चट्टान काट्ने कार्य Medium Rock | १३०.८८ | १६०.३३ | १६०.३३ |
| ५. | कडा प्रकारको चट्टान काट्ने कार्य Hard Rock | २२९.४५ | ४२५.७८ | ४२५.७८ |

यसरी माटो काट्ने कार्य आ.व. २०७४।०७५ को तुलनामा २०७५।०७६ मा २० प्रतिशत बढाएको र २०७५।०७६ मा पुनः २५ प्रतिशत घटाइयो । माटो काट्ने कार्यको घनमिटरको दर निर्धारण यथार्थपरक नहुँदा आ.व. २०७६।०७७ को तुलनामा आ.व. २०७५।०७६ मा प्रति घनमिटर रु २०.३१ का दरले बढी लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी हुँदा देहायका योजनामा मात्र रु ७५७२४३८।०० बढी भुक्तानी भई थप व्यभार पर्न गएको छ । दर निर्धारण यथार्थपरक हुनुपर्दछ ।

| योजनाको नाम | शीर्षक | माटोको नाम | परिमाण | भुक्तानी दर | ०७६।७७ कोतुलनामा बढी | जम्मा बढी |
|---|---|---|---|---|---|---|
| बुइखुवा खुतुम्बु ग्रामिण सडक-१ | समपूरक | Medium Soil | ३७१४९ | ८१.२५ | २०.३१ | ७५४४९६.२ |
| बुइखुवा खुतुम्बु ग्रामिण सडक-२ | समपूरक | Medium Soil | ४९१०८ | ८१.२५ | २०.३१ | ९९७३८३.५ |
| कामिडाँडा ओखे पाटी थल्याङ्ग सडक | प्रदेश विकास | Ordinary Soil | ५९९२ | ८१.२५ | २०.३१ | १२१६९७.५ |
| पोखरे जामुने हुँदै लिमिदोभान सडक | प्रदेश विकास | Ordinary Soil | ४२७६ | ८१.२५ | २०.३१ | ८६८४५.५६ |
| पोखरे जामुने हुँदै लिमिदोभान सडक | प्रदेश विकास | Ordinary Rock | १३२६३ | ८१.२५ | ८.२५ | १०९४१९.८ |
| जनप्रभात प्रा.वि.तौउला बारेम्भतुम रेग्मीटार सडक | प्रदेश विकास | Hard Soil | ९२३८ | ८१.२५ | २०.३१ | १८७६२३.८ |
| याम्खा काउले स्यालगौडे सडक | संघीय संसद | Medium Soil | १६९८३ | ८१.२५ | २०.३१ | ३४४९२४.७ |
| खानीडाँडा टुवाखोला सडक | पूँजीगत | Hard Soil | ३९४१९ | ८१.२५ | २०.३१ | ८००५९९.९ |
| रेग्मीटार पञ्चमी सडक | पूँजीगत | Hard Soil | ५०७५२ | ८१.२५ | २०.३१ | १०३०७७३ |
| रमाइलो देखि छितापोखरी सडक-२ | पूँजीगत | Medium Soil | २७२८४ | ८१.२५ | २०.३१ | ५५४१३८ |
| चान्नाङ पञ्चकन्या पोखरे सडक | पूँजीगत | Hard Soil | ४६९१ | ८१.२५ | २०.३१ | ९५२७४.२१ |
| चान्नाङ पञ्चकन्या पोखरे सडक | पूँजीगत | Ordinary Soil | ८९९६ | ८१.२५ | ८.२५ | ७४२१७ |
| रमाइलोदेखि घिप्लुङ मा.वि.हुँदै बाम्वना जाने सडक-१ | पूँजीगत | Medium Soil | ७०४ | ८१.२५ | २०.३१ | १४२९८.२४ |
| ज्यामिरे घर्नुङवा काहुले सडक | पूँजीगत | Ordinary/Hard Soil | १४७७८ | ८१.२५ | २०.३१ | ३००१४१.२ |
| समावि कुलागाउँ पञ्चकन्या सडक | वडा नं. ५ | Ordinary/Hard Soil | ३८४५ | ८१.२५ | २०.३१ | ७८०९१.९५ |
| बुइचुम्का हुँदै फेदी जोड्ने सडक | वडा नं. ७ | Ordinary/Hard Soil | १३४५५ | ८१.२५ | २०.३१ | २७३२७१.१ |
| पञ्चमी भडारे सडक (क) | वडा नं. ४ | Ordinary/Hard Soil | १०७५५ | ८१.२५ | २०.३१ | २१८४३४.१ |
| पञ्चमी भडारे सडक (क | वडा नं. ४ | Ordinary Soil | ४४८२ | ८१.२५ | ८.२५ | ३६९७६.५ |
| मुलाबारी बालेङ्खा इजरा सडक | वडा नं. ४ | Ordinary/Hard Soil | ९७१६ | ८१.२५ | २०.३१ | १९७३३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पञ्चमी भडारे सडक | वडा नं. ४ | Ordinary/Medium Soil | ११५८० | ८१.२५ | २०.३१ | २३५१८९.८ |
| तल्लो पिहुसडक | वडा नं. ६ | Ordinary/Hard Soil | ४७०१ | ८१.२५ | २०.३१ | ९५४७७.३१ |
| तल्लो पिहुसडक | वडा नं. ६ | Ordinary Rock | २१७० | ८१.२५ | ८.२५ | १७९०२.५ |
| बाधखोर दुधिले भञ्याङ्ग बैठकेडाँडा सडक | वडा नं. ६ | Hard Soil | ६७१९ | ८१.२५ | २०.३१ | १३६४६२.९ |
| ञ्याप सडक देखि टिखुवा हुँदै खामडाँडा सडक | वडा नं. १ | Ordinary/Hard Soil | ३०२६ | ८१.२५ | २०.३१ | ६१४५८.०६ |
| ञ्याप सडक देखि टिखुवा हुँदै खामडाँडा सडक | वडा नं. १ | Ordinary Rock | ५२०२ | ८१.२५ | ८.२५ | ४२९१६.५ |
| कार्तिक ओखरबोटे डाँडाघर सडक | वडा नं. २ | Ordinary/Hard Soil | १०७६२ | ८१.२५ | २०.३१ | २१८५७६.२ |
| छोरम्बु लोचिवार हुँदै याङथिला जोड्ने | वडा नं. ३ | Ordinary/Hard Soil | १६४४८ | ८१.२५ | २०.३१ | ३३४०५८.९ |
| खेल मैदान निर्माण | वडा नं. ३ | Medium Soil | ७६०५ | ८१.२५ | २०.३१ | १५४४५७.६ |
| | | | | | **जम्मा** | **७५७२४३८.०३** |

५६. **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद प्रयोगलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई भयो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको र वडामा पठाएका रसीद लेखापरीक्षण अवधि सम्म पनि फिर्ता दाखिला आएको देखिएन । रसीद नियन्त्रण खाता व्यवस्थित तथा प्रमाणित गरी राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको आश्वस्त हुने आधार भएन । नगद राजस्व प्राप्त हुँदा काटिएका प्रत्येक आम्दानी रसिद म.ले.प.फा.नं. १०८ मा अभिलेख गरी राजश्वको लेखा व्यवस्थित गर्नुपर्दछ । गाउँपालिका र वडाहरुले बुझाएको राजश्व रसिद अनुसारको यथार्थपरक छ भनी एकिन गर्न सकिएन ।

वडामा पठाएका नगदी रसीद र फिर्ता नआएको विवरणः

| वडा नं. | रसीद बझ्ने | ठेली संख्या | रसीद नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सञ्जीब आचार्य | १ | ८९१-९०० (मालपोत) | |
| १ | सञ्जीब आचार्य | १ | १००१-१०५० (मालपोत) | |
| १ | शम्शेर ब.कार्की | ३ | २७०१-२८०० र २९०१-२९५०(नगदी रसीद) | |
| १ | रमेश निरौला | १ | २०५१-२१०० (मालपोत) | |
| १ | सञ्जीब आचार्य | १ | १५५०-१६०० (मालपोत) | |
| २ | प्रकाश चन्द्र राई | ५ | १२०१-१२५०, १४०१-१४५०, ६०१-६५० | |

| | | | | |
|---|---|---|---|---|
| | | | ६५१-७००, ४०१-४५० (मालपोत) | |
| २ | प्रकाश चन्द्र राई | ७ | ६०१-६५०, १४५१-१५००, १२०१-१२५०, १३०१-१३५०, १०५१-११००, २३५१-२४०० २४५१-२५०० (नगदी रसीद) | |
| ३ | सन्दीप बस्नेत | २ | २५१-४०० (नगदी रसीद) | |
| ३ | तुलस राई | २ | ११०१-११५०, २००१-२०५० (नगदी रसीद) | |
| ३ | शम्भु तामाङ | १ | १२०१-१२५० (मालपोत) | |
| ३ | सन्दीप बस्नेत | ३ | १९५१-२०५०, ३०१-३५०, ११५१-१२०० (मालपोत) | |
| ४ | उद्धव प्र.आचार्य | ६ | ४०१-४५०, १२५१-१३००, २२०१-२३००, ९०१-१००० (मालपोत) | |
| ५ | सुवास राई | ५ | ६५१-७००, ७५१-८००, १५१-२००, ५०१-५५०, ११०१-११५० (नगदी रसीद) | |
| ५ | सुवास राई | ६ | ५१-१००, १५१-३००, १३५१-१४००(मालपोत) | |
| ६ | सुवास राई | ४ | ७५१-८००, ११५१-१२००,१२५१-१३५०(नगदी) | |
| ७ | लक्ष्मी प्र. ढकाल | ७ | नगदी | |
| ७ | लक्ष्मी प्र. ढकाल | ८ | मालपोत | |

५७. **सामाजिक सुरक्षा भत्ता वितरणः** सामाजिक सुरक्षा अनुदान बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

(क) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरूको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, जन्म मिति, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ। गाउँपालिकाले वित्तिय सूचना प्रणालीमा दोहोरो परेको, मृत्यु भईसकेको, बसाई सरी गएकाहरुको लगत कट्टा समेत गरेको देखिएन । वित्तिय सूचना प्रणाली (MIS) बाट त्यस्ता लाभग्राहीहरुको लगत कट्टा गरी अद्यावधिक गरिनुपर्दछ ।

(ख) **बैंक मार्फत भत्ता वितरण :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरूको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण/खर्च गर्नुपर्दछ ।

५८. **शिक्षा तर्फ**

**अभिलेख** : गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । निकाशा खाताको अभावमा विद्यालयलाई बढी तथा दोहोरो तलव निकासा भएको छैन भनी आश्वस्त हुन सक्ने अवस्था छैन । गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।

५९. **विद्यालयको संख्याः** गाउँपालिका शिक्षा नियमावली, २०७४ अनुसार पूर्वाधार नभएको, विद्यार्थी संख्या कम रहेका, दुई वा दुई भन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको, दुई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दुरी ३० मिनेट भन्दा कम रहेको र दुई वा सो भन्दा बढी विद्यालयको व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । लेखापरीक्षणको लागि गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका अन्तगरगतका ४८ विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक, कर्मचारी तलब र प्रशासनिक खर्च बापत आ.व. २०७५।०७६ मा देहाय बमोजिम रकम निकासा भएको छ ।

| सि.नं. | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या | शिक्षक संख्या | यस आ.व.मा तलब र संचालन खर्च |
|---|---|---|---|---|---|
| १. | सितला प्रा.वि., डाँडागाउँ | १-३ | १३ | २ | ६१५५३४.०० |
| २. | भगवती प्रा.वि. मार्से | १-२ | १० | १ | ६६९४४.०० |
| ३. | जनजागृति प्रा.वि., पाखाटारी | १-३ | १२ | १ | ६२६१७९.०० |
| ४. | तीनकन्या प्रा.वि., याङ्गसोलाटार | १-३ | १९ | २ | ४८११८२.०० |

न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई गाउँपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ ।

६०. **विद्यालयहरुको लेखापरीक्षण**: गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकाले विद्यालयको लेखापरीक्षण खर्च वापत आ.व. २०७५।०७६ मा ४८ विद्यालयलाइ रु. ५ लाख ५० हजार निकासा भुक्तानी दिएको छ । गाउँपालिकाले आ.व. २०७५।०७६ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

६१. **अनुदान रकमको उपयोग :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । गाउँपालिकाले विद्यालयहरूलाई एकमुष्ट रुपमा शिक्षालाई छुट्याइएको बजेट मध्ये निम्नानुसार विद्यालयलाई रु १४४०२२०४.०० अनुदान निकासा दिएको छ । सो अनुदान रकमको विल र खर्च पुष्टी गर्ने आधार संलग्न छैन । अनुदान रकमको अनुगमन एव उपयोग व्यवस्थाको सम्बन्धमा गाउँपालिकाले भरपर्दो संयन्त्र तयार गरेको छैन ।

| सि.नं | अनुदान विवरण | विद्यालय संख्या | रकम |
|---|---|---|---|
| १. | विद्यालय सुधार योजना | ४८ | ७९०००० |
| २. | सामाजिक परिक्षण | ४८ | ५५०००० |
| ३. | इन्टरनेट जडान | १४ | १६८००० |
| ४. | बाल विकास समाग्री अनुदान | ३५ | २१९५०० |
| ५. | कक्षा ११-१२ पाठ्यपुस्तक अनुदान | ५ | ८१२५० |
| ६. | दिवा खाजा अनुदान | १ | १५३९०० |
| ७. | पुस्तकालय अनुदान | ३ | १९५०००० |
| ८. | विज्ञान प्रयोगशाला | २ | १३००००० |
| ९. | विज्ञान, अंग्रेजी, गणित सामाग्री अनुदान | ३ | १५०००० |
| १०. | उत्कृष्ट सिकाई उपलब्धी | ९ | ४५०००० |
| ११. | शिक्षण सुधार योजना | ६ | १२००० |
| १२. | ICT अनुदान | २ | १३००००० |
| १३. | मसलन्द अनुदान | ४९ | ९०५००० |
| १४. | छात्रवृत्ति अनुदान | ४९ | १००७७०० |
| १५. | सामुदायिक अध्ययन केन्द्र | ३ | ६००००० |
| १६. | पाठ्यपुस्तक अनुदान | ४९ | १३८०५९२ |
| १७. | निरन्तर विद्यार्थी मूल्यांकन | ४८ | ५५२०० |
| १८. | अपुग पाठ्यपुस्तक | ४८ | १९३४८६२ |
| १९. | शिक्षण सहयोग अनुदान | ९ | १४६४०० |
| २०. | बाल विकास | ३५ | ३४०००० |
| २१. | विद्यालय कर्मचारी | ४८ | ६२००० |
| २२. | शैक्षिक सामाग्री अनुदान | ४९ | ८४५८०० |
| | | **जम्मा** | **१४४०२२०४.००** |

६२. **बढी निकाशा:** सरस्वती मा.वि. डाँडाखर्कको मा.वि. राहत शिक्षकको तलब भत्ताका लागि तेस्रो चौमासिकमा रु ६२४२६०।०० माग गरेकोमा गाउँपालिकाले रु ६७४३४३।०० निकाशा गरेको र सोही

| | | |
|---|---|---|
| | विद्यालयको दोस्रो चौमासिकमा रु १५०५९८२।०० माग गरेकोमा गाउँपालिकाबाट रु १५०७९८२।०० निकाशा भएको देखिन्छ । विद्यालयले माग गरेको भन्दा रु ५२०८३।०० बढी निकाशा भएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु | ५२०८३.०० |
| | **स्वास्थ्य तर्फः** | |
| ६३. | **औषधिको लोगो-** गाउँपालिकाले खरिद गरेका औषधिहरूमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक लेखा समितिले समेत निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्वन्धमा सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । गाउँपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाइएको देखिएन । | |

| सि.नं. | औषधिहरूको नाम | म्याद नाघे ननाघेको | निशुल्क वितरण लोगो |
|---|---|---|---|
| १. | Frusix40 | July, 2020 | नभएको |
| २. | Detriz20mg | June 2021 | नभएको |
| ३. | Lomoprim Ds 960mg | Oct. 2020 | नभएको |
| ४. | Aciloc 150mg | April 2020 | नभएको |
| ५. | Armetro 400mg | Aug. 2021 | नभएको |
| ६. | Cipro 500mg | July 2021 | नभएको |
| ७. | Uniflam 500mg | Oct. 2021 | नभएको |
| ८. | Wormex 400mg | Oct. 2021 | नभएको |

| | | |
|---|---|---|
| ६४. | **निरिक्षण र स्वीकृती -** सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान संझौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्नेव्यवस्था छ । खरिद भएका औषधी तथा सर्जिकल सामानहरू स्टोर दाखिला गर्न पूर्व संझौता वमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ । | |
| ६५. | **हस्तान्तरण फारामः** कार्यालयको विभिन्न मितिको निर्णयानुसार निम्नानुसारको स्वास्थ्य संस्थाहरूमा औषधि तथा अन्य सामानहरू हस्तान्तरण फाराम मार्फत पठाएको पाइयो । हस्तान्तरण फाराम मार्फत पठाइएका सामानहरू भण्डार दाखिला गरी ७ दिन भित्र दाखिला प्रतिवेदन समेत पठाइ दिनु भन्ने निर्णयमा उल्लेख छ । सो अवस्थाको लेखापरीक्षण मिति २०७६।११।२१ मा ह.फा.मार्फत् गएका औषधीहरुको अभिलेख परीक्षण गर्दा एउटै ह.फा. बाट ७ स्वास्थ्य संस्थालाई औषधी पठाएको, ह.फा. फाराम अनुसारको सामान सोही परीक्षणमा दाखिला प्रतिवेदनमा उल्लेख नगरेको उप-स्वास्थ्य चौकी छितापोखरीमा मिति २०७५।४।३१ मा ह.फा. मार्फत् पठाएको औषधीमा २०७६।५।६मा दाखिला प्रतिवेदनमा Amoxillion 250 mg को २० Tab. कम देखाएको छ। दोरम्बु स्वास्थ्य चौकीमा Citro 500mg को ११० Tab. पठाएको ६०० Tab. दाखिला प्रतिवेदनमा देखाएको छ । ह.फा. सामान बुझिलिएको भरपाई नभएको ह.फा. मा मिति उल्लेख नगरेको, माग फाराममा आदेश दिने र सामान बुझिलिनेको दस्तखत नभएको, माग फाराम ह.फा. र दाखिला प्रतिवेदन सिलसिलाहरुमा नरहेको, मूल्य नखुलेको अवस्था देखियो । यसमा सुधार हुनुपर्दछ । | |
| ६६. | **जिन्सी खाताः** मिति २०७६।११।२१ मा स्टोर परीक्षण गर्दा जिन्सी खाता प्रमाणित नभएको, ढाँचामा नरहेको, सादा रजिष्टरमा उल्लेख गरेको, औषधीको जिन्सीको टिर्पोट तयार गरेको, औषधीको जिन्सीको टिर्पोट तयार नगरेको सुचना प्रविधिमा आधारित जिन्सी खातापाना र प्रतिवेदन तयार गरेको छैन, औषधीको भण्डारण समेत व्यवस्थित हुनुपर्नेमा भुइमा नै राखेको देखिन्छ, यसमा सुधार हुनुपर्दछ । | |
| ६७. | **शोधभर्नाः** गाउँपालिकाले यस बर्ष आधारभूत स्वास्थ्य केन्द्रतर्फको कार्यक्रम खर्च रु १२८६०००।०० खर्च लेखेको छ । उक्त खर्च मध्ये UNICEF बाट रु १२५६०००।०० र GAVI तर्फको रु ३००००।०० भएकोले उक्त सम्बन्धित संस्थाहरुबाट शोधभर्ना लिई हिसाब मिलान गर्नुपर्ने रु | १२८६०००.०० |

<table>
<tr><td>६८.</td><td>दोहोरो तथा तेहोरो पेश्की: प्रदेश नं. १ को आर्थिक कार्यविधि ऐन, २०७४ मा पेश्की सम्बन्धी व्यवस्था तोकिएको छ। गाउँपालिका स्वास्थ्य सशर्त कार्यक्रमबाट रु १५१३०००।०० पेश्की बाँकी देखिएको छ। सो पेश्की मध्ये स्वास्थ्य संयोजक मुस्ताक अहमत मन्सुरीलाई एउटै कार्यक्रमको लागि विभिन्न मितिमा ३ पटक सम्म पेश्की दिएको देखिन्छ। एउटै कार्यालयको लागि एक पटकभन्दा बढी सोही कार्यक्रमको लागि पेश्की दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु
<table>
<tr><th>सि.नं</th><th>कार्यक्रमको नाम</th><th>दोहोरो पेश्की</th><th>तेहेरो पेश्की</th></tr>
<tr><td>१.</td><td>पूर्ण खोप गा.पा. गोष्ठी</td><td>४५०००</td><td>४५०००</td></tr>
<tr><td>२.</td><td>बच्चाको खोजी कार्यक्रम</td><td>६००००</td><td>०</td></tr>
<tr><td>३.</td><td>प्रेषण कार्यक्रम</td><td>१०००००</td><td>०</td></tr>
<tr><td>४.</td><td>महामारी खोपको अनुगमन</td><td>४४०००</td><td>०</td></tr>
<tr><td>५.</td><td>नियमित रुपमा खानेपानी</td><td>५००००</td><td>०</td></tr>
<tr><td>६.</td><td>आइ.यू.सि.डी. कार्यक्रम</td><td>३१०००</td><td>३१०००</td></tr>
<tr><td>७.</td><td>खोपको बारेमा छट्टै खोप</td><td>३००००</td><td>०</td></tr>
<tr><td>८.</td><td>पूर्ण खोप अभियान</td><td>२५०००</td><td>०</td></tr>
<tr><td>९.</td><td>सेट लाइट सेवा</td><td>३३०००</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१८०००.००</td><td>७६०००.००</td></tr>
</table></td><td>४९४०००.००</td></tr>
<tr><td>६९.</td><td>नर्म्समा एकरुपता नभएको: कार्यक्रम संचालन गर्दा स्पष्ट नर्म्स मापदण्ड निर्धारण गर्नुपर्दछ। गाउँपालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु ५२०।०० प्रतिदिन, केही कार्यक्रममा रु ७००।०० प्रतिदिन र केही कार्यक्रममा रु १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ। कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नर्म्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७०.</td><td>बिल भरपाई: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। स्वास्थ्य संयोजक मुस्ताक अहमत मन्सुरीको गो.भौ.नं. ३३।०७६।३।३१ बाट रु ९६००००।०० पेश्की फछ्र्यौट भएकोमा रु ८३५२२५।०० को मात्र बिल भरपाई संलग्न रहेकोले बिल भरपाई बेगरको भुक्तानी रु १६०७७५।०० असुल हुनु पर्ने रु</td><td>१६०७७५.००</td></tr>
<tr><td>७१.</td><td>सामुदायिक वन (सर्शत): सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल र दिप्रुङ चुइचुम्मा गाउँपालिका बीच मिति २०७६।१।८ मा दिप्रुङ चुइचुम्मा गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहहरुको ४ बर्षे रणनीतिक कार्ययोजना कार्यक्रमको लागि सम्झौता भएको देखिन्छ। सो कार्यक्रमको लागि रु ९६ हजार भरपाई मार्फत् भुक्तानी खर्च भएको छ। यस्ता कार्यक्रमहरु डिबिजन वन कार्यालयबाट समेत संचालन हुने हुँदा दोहोरो नपर्ने गरी मात्र कार्यक्रम संचालन गर्नु गराउनुपर्दछ।</td><td></td></tr>
<tr><td>७२.</td><td>कन्टिन्जेन्सी खर्च: सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(७) सँग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ। गाउँपालिकाबाट गरिने सार्वजनिक निर्माणमा ४ प्रतिशत कन्टेन्जेन्सी खर्च कटाई भुक्तानी गरेको छ। यसरी कन्टेन्जेन्सी रकमबाट गाउँपालिकाले खर्च गर्दा योजनागत कन्टेन्जेन्सी खर्च देखिने गरी अभिलेख राखेको छैन। जसले गर्दा गाउँपालिकाले कति कन्टेन्जेन्सी खर्च गरेको छ सो अभिलेख राखेको छैन। कन्टेन्जेन्सी खर्चको अभिलेख व्यवस्थित गरी योजनागत रुपमा नापी किताबमा समेत चढाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>७३.</td><td>छुट नलिएको : पत्रपत्रिकामा सूचना प्रकाशन गर्दा २५ प्रतिशतसम्म छुट दिने गरेको पाइन्छ। गाउँपालिकाले विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन बापतको भुक्तानीमा कुनै पनि छुटको सुविधा प्राप्त गर्ने गरेको छैन। गाउँपालिकाले सामान्य बजार दर बमोजिम छुटको सुविधा लिई खर्चमा मितव्ययिता अपनाएको देखिएन। छुट नलिइ भुक्तानी गरेको केही उदाहरण देहाय बमोजिम छ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम (मु.अ.कर बाहेक)</th><th>छुट नलिएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>१३२/०७५/१०/१६</td><td>जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३)</td><td>४८०००</td><td>१२०००</td><td>सौर्य दैनिक ३ असोज, २०७५</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १३२/०७५/१०/१६ | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | ३६००० | ९००० | |
| १३२/०७५/१०/१६ | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | ४०००० | १०००० | |
| १३२/०७५/१०/१६ | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | ६७२०० | १६८०० | |
| १३२/०७५/१०/१६ | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | ७६००० | १९००० | |
| १७०/०७५/११/३० | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | ४३२०० | १०८०० | कान्तिपुर |
| १७०/०७५/११/३० | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | १८०००० | ४५००० | |
| २०६/०७६/१/१३ | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | ४२००० | १०५०० | कान्तिपुर |
| २३३/०७६/२/२० | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | ३३६०० | ८४०० | सौर्य दैनिक |
| २८५/०७६/३/२५ | जागोस सप्लायर्स एण्ड सर्भिसेज क.प्रा.लि. (६०१८६४२७३) | १६८००० | ४२००० | कान्तिपुर |

७४. **कार्यक्रम संचालन**: सरकारी निकायबाट कुनै तालिम,सेमिनार,गोष्ठी, कार्याशाला, गोष्ठी गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशालागोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ । कार्यक्रम संचालन गर्दा नियममा व्यवस्था भए बमोजिम लागत अनुमान तयार, कार्यक्रम संचालन गर्ने र कार्यक्रम संपन्न भएपछि लागत अनुमान अनुसार प्रत्येक क्रियाकलाप र सोको खर्च खुल्ने विवरण तयार गर्ने र खर्च सहितको प्रतिवेदन तयार गर्नु पर्दछ ।

७५. **साना सिचाईः** यस गाउँपालिका अन्तरगत साना सिचाई कार्यक्रम संचालन गर्न नेपाल सरकारले ४०% स्वीस सरकार SDC ले ५३ प्रतिशत र उपभोक्ता समितिले ७ प्रतिशत व्यहोर्ने गरी सम्झौता भए अनुसार यो बर्ष नेपाल सरकारबाट ४४ लाख ६० हजार स्वीस सरकारले ४९ लाख ५ हजार ९ सय समेत जम्मा ९३६५९००।०० बजेट व्यवस्था भएकोमा देहाय बमोजिम खर्च भएको छ ।

| स्रोत | बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|
| नेपाल सरकार | ४४६०००० | ४४६०००० | ३४०२३३८ | १०५७६६२ |
| स्वीस सरकार | ४९०५९०० | ४९०५९०० | ४१५८४१५ | ७४७४८५ |
| जम्मा | ९३६५९०० | ९३६५९०० | ७५६०७५३ | १८०५१४७ |

उपर्युक्तानुसार यो बर्ष संचालन भएका योजना मध्ये देहायका ३ योजना कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएको छ । सम्पन्न भएका योजनामा उपभोक्ता समितिले मर्मत सम्भार कोषमा रकम जम्मा गरेको प्रमाण र सम्पन्न पश्चात उक्त योजनाको मर्मत सम्भारको जिम्मेवारी समेत उपभोक्ता समितिको हुने गरी योजना हस्तान्तरण भएको पाइएन ।

| **सि.नं.** | **योजनाको नाम** | **रकम** |
|---|---|---|
| १. | टुवाखोला लामाबगर सिंचाई योजना | २६५०३२३ |
| २. | चन्द्राखोला भेडिखोर सिंचाई योजना | ४८८०३६ |
| ३. | टुकुरेखोला सोलिढुंगा सिंचाई योजना | ३४६२८४६ |

७६. **प्रधानमन्त्री स्वोरोजगार कार्यक्रमः** गो.भौ.नं. ३/०७६/३/२१ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ मा आयोजनाको छनौट गर्दा सकेसम्म स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रममा उल्लेख भएका आयोजनाको सुचिबाट प्राथमिकताका आधारमा छनौट गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले गाउँपालिकाको मिति २०७६।२।२२ को निर्णय अनुसार पञ्चमी बजारमा ढुंगा सोलिङ्ग गर्ने आयोजनाको छनौट गरेको छ । स्थानीय डम्बर बहादुर खड्का मार्फत् रु ८७९०००।०० डोर हाजिरका आधारमा भुक्तानी गरेको छ । सो बेरोजगार व्यक्तिहरुको नाम वडाले सिफारिस गरी पठाएको सो को अभिलेख गाउँपालिकामा

| | | |
|---|---|---|
| | नरहेको सो कार्यक्रमको लागत अनुमान नबनाएको र संचालित कार्यक्रम अनुगमन तथा प्रतिवेदन संलग्न गरेको पाइएन । कार्यक्रमलाई थप प्रभावकारी वनाउन कार्यविधिले तोके बमोजिको कार्यक्रम संचालन गर्ने र संचालित कार्यक्रमको अनुगमन गर्ने, गराउने व्यवस्था समेत मिलाउनुपर्दछ । | |
| ७७. | **हेल्भेटास गाउँपालिका संयुक्त कृषि कार्यक्रमः**<br>**रासायनिक मल ढुवानी अनुदानः** गाउँपालिकाले ७ वटा वडाहरुलाई रासायनिक मल ढुवानी गर्न रु १० लाख बजेट व्यवस्था भएकोमा रु ६२९६५०।०० ढुवानी अनुदान भुक्तानी खर्च लेखेको छ । सो ढुवानी तोकिएको स्थान र समयमा भए नभएको सम्बन्धमा अनुगमन एवं प्रतिवेदन गरेको पाइएन । | |
| ७८. | **गो.भौ.नं. ९४।०७६।३।३१:** लक्ष्मी प्रसाद रेग्मीको पेश्की फछ्र्यौट रु ४७८२५०।०० मध्ये १७ जना कर्मचारीहरुको कृषि हेल्भेटास तर्फको अनुगमन तथा मूल्यांकन बापत पदाधिकारीहरु ११ र कर्मचारीहरु ६ जना समेत १७ जनालाई एकमुष्ठ भरपाईका आधारमा रु १६०२२५।०० (कर बाहेक) भुक्तानी खर्च लेखेको छ। सो अनुगमन कति दिन तथा के-कति पटक र कहाँ-कहाँ भएको सोको विवरण र अनुगमन गरेको मूल्यांकन एवं प्रतिवेदन समेत संलग्न गरेको छैन । स्पष्ट आधार एवं प्रमाण बेगरको अनुगमन खर्च रु १६०२२५।०० को पुष्ट्याई हुनुपर्ने रु | १६०२२५.०० |
| ७९. | **पशु विकास तर्फः** गो.भौ.नं. ४७।०७६।३।२१: उपचार सेवा कार्यक्रम अन्तर्गत रमेश निरौलाको पेश्की फछ्र्यौट र खर्च रु ३०००००।०० भुक्तानी भएको देखिन्छ । पशु सेवा कार्यक्रमको आदर्शमेट प्रा.लि.काठमाण्डौ (६००२४८३५४) को औषधी खरीद बापत रु २६५०४३।०० र ढुवानी समेतको खर्च रु ३ लाख देखिन्छ । पशु सेवा अन्तर्गतका कुनै पनि अन्य कार्यक्रमहरु संचालन नभएको अवस्थामा औषधी खरीद र ढुवानी खर्चको प्रयोग तथा उपयोगिता सम्बन्धमा एकिन हुनुपर्ने रु | ३०००००.०० |
| ८०. | **अनुगमनः** गाउँपालिका र विभिन्न व्यक्ति तथा समूहहरु बीच विभिन्न मितिमा अनुदान संचालन सम्बन्धमा सम्झौता भएको पाइयो । सो सम्झौतामा योजना कार्यान्वयन गर्ने समूह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वितिय प्रगति प्रतिवेदन सम्झौतामा तोकिए बमोजिम गाउँपालिकामा पेश गर्नुपर्ने र योजनाको दीगो संचालन तथा मर्मत सम्भारको व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यो बर्ष निम्नानुसारका अनुदानका कार्यक्रमहरुमा वडा सिफारिसको आधारमा २०% सम्बन्धित समूह तथा व्यक्तिले व्यहोर्ने गरी विभिन्न समूहबाट गराएको देखिन्छ। अनुदान प्राप्त गरेका समूहहरुले सम्झौता अनुसारको प्रगति प्रतिवेदन पेश नगरेको र गाउँपालिकाबाट अनुदान रकमको अनुगमन तथा मूल्यांकन गरेको सोको प्रतिवेदन पेश हुन आएन । गाउँपालिकाले अनुदान रकमको प्रतिफलमुखी कार्य भएको सम्वन्धमा प्रभावकारी अनुगमन गरी आस्वस्त हुने वातावरण तयार गरेको छैन । अनुदान रकमको अनुगमन, मूल्यांकन, प्रतिवेदन र सम्झौता अनुसारको दिगोपना, संरक्षण एवं रेखदेखको व्यावस्थापन गरी अनुदानको उपयोगिता बढाउनुपर्दछ । | |

| गो.भौ.नं.र मिति | भुक्तानी पाउने | भुक्तानी रकम | अनुदान कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| २/०७५/९/२३ | डेनिकला राई | ५०००० | भकारो सुधार | गत आ.व.को क्रमागत |
| ३/०७५/९/२६ | प्रविण राई | ५०००० | भकारो सुधार | गत आ.व.को क्रमागत |
| ४/०७५/९/२६ | निर ब.राई | १०००० | बाखा खोर सुधार | गत आ.व.को क्रमागत |
| ५/०७५/१०/१५ | प्रविण तामांग | ४०००० | बाखा खोर सुधार | गत आ.व.को क्रमागत |
| ६/०७५/११/७ | हिरामणि घिमिरे | १०००० | बाखा खोर सुधार | गत आ.व.को क्रमागत |
| ७/०७५/११/७ | प्रमेश राई | ४०००० | कुखुरा पालन | गत आ.व.को क्रमागत |
| ८/०७५/११/७ | दिनेश तामांग | १८०००० | अर्गानिक खेती पकेट निर्माण | गत आ.व.को क्रमागत |
| ९/०७५/११/८ | पर्शुराम राउत | ४०००० | च्याउ खेती कार्यक्रम | गत आ.व.को क्रमागत |
| १०/०७५/११/८ | पवन कुमार थापा | ४०००० | बेसार खेती कार्यक्रम | गत आ.व.को क्रमागत |
| ११/०७५/११/१३ | प्रेम कुमार राई | १२०००० | बंगुर फार्म | गत आ.व.को क्रमागत |
| १२/०७५/११/१३ | पवन राई | ४३२००० | तरकारी संकलन केन्द्र | गत आ.व.को क्रमागत |
| १३/०७५/११/१९ | शरण कुमार राई | १९०९४० | हाट बजार व्यवस्थापन | गत आ.व.को क्रमागत |

| | | | | |
|---|---|---|---|---|
| १४/०७५/११/२८ | दिपेन्द्र राई | ४०००० | अलैंची खेती कार्यक्रम | गत आ.व.को क्रमागत |
| १५/०७५/१२/२८ | काशिराज राई | ९३९०० | नमूना बाखा खोर निर्माण | गत आ.व.को क्रमागत |
| ५१/०७६/३/१५ | जगत विष्ट | १११८०० | सुन्तला पकेट विस्तार | चालु |
| ५३/०७६/३/१५ | विकासका लागि युवा नेपाल | ५००००० | पशु तथा कृषि कार्यक्रम | चालु |
| ६२/०७६/३/२३ | विष्णु कुमार खत्री | ३१२००० | तरकारी पकेट | चालु |
| विभिन्न | युवा स्वरोजगार कार्यक्रम (१० जना) | १००००००० | युवा स्वरोजगार कार्यक्रम | चालु |
| ६४/०७६/३/२३ | नरमाया कृषक समूह | ३१२००० | तरकारी पकेट | चालु |
| ६७/०७६/३/२४ | शम्शेर ब. अधिकारी | ३१२००० | तरकारी पकेट | चालु |
| ७४/०७६/३/२५ | जनचेतना कृषक समूह | २९६००० | लिच्ची पकेट विस्तार | चालु |
| ७५/०७६/३/२५ | महिला कृषक समूह | २९६००० | लिच्ची पकेट विस्तार | चालु |
| ७६/०७६/३/२५ | नविन पराजुली | ५००००० | नमूना बाखा फर्म | चालु |
| ७९/०७६/३/२५ | हरियाली कृषक समूह | २३५९०० | सुन्तला पकेट | चालु |
| ८०/०७६/३/२५ | सुर्य प्रकाश कृषक समूह | २३६००० | सुन्तला पकेट | चालु |
| ८२/०७६/३/२५ | सुनगाभा कृषि तथा पशुपालन फर्म | ५००००० | बाखा खोर निर्माण तथा सुधार | चालु |
| ८६/०७६/३/२५ | गुरास बालविकास कृषि समूह | २३६००० | सुन्तला पकेट क्षेत्र | चालु |
| ९३/०७६/३/३१ | विपन्न महिला २० जना उद्यमशिलता विकास | ४२०००० | उद्यमशिलता विकास | चालु |

८१. **चालू तर्फः** वडा कार्यालय संचालन खर्चः वडागत निकासा प्रत्येक वडामा रु ३५००००।०० हजारका दरले ७ वटा वडा कार्यालयहरुमा रु २४५००००।०० संचालन खर्च भएको देखिन्छ । करीब २० प्रतिशत खरीद गरिएका कार्यालय सामानहरुको माग फाराम खरीद आदेश र दाखिला प्रतिवेदनमा प्रमाणित भएको देखिएन ।

८२. **न्यायिक समितिः** गो.भौ.न.३००।०७६।३।२५ प्रदेश १ सरकारको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचि ३ मा गाउँपालिका न्यायिक समिति संयोजक को रु १२००।०० प्रति बैठक र सदस्यको रु १०००।०० प्रति बैठक भत्ता तोकिएको छ। गाउँपालिकाले मिति २०७६।३।२ को न्यायिक समितिको बैठकमा तोकिएको भन्दा रु ५१८५।०० बढी भुक्तानी गरेको छ। ऐनले तोकेभन्दा बढी भुक्तानी रकम असुल हुनुपर्ने रु ५१८५.००

| सि.नं | पाउने पदाधिकारी | पाउने दर | भुक्तानी | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १. | संयोजक | १२००.०० | २२००.०० | ८५०.०० | |
| २. | सदस्य ६ जना | १०००.०० | २०००.०० | ४३३५ | |
| | | | **जम्मा** | **५१८५.००** | |

८३. **२९।०७५।६।१७:** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ मा खर्च गर्ने तरिका सम्वन्धमा व्यवस्था छ। सह लेखापाल बाबुराम आचार्यको मिति २०७५।६।३ देखि २०७५।६।९ सम्मको भ्रमण आदेश अनुसार तलबी प्रतिवेदन पारित गर्न काठमाण्डौं गए बापत यातायात खर्च, फुटकर खर्च दैनिक भ्रमण भत्ता समेत रु १५२५०।०० भुक्तानी गरिसकेपछि पुनः विविध खर्च बापत मिति २०७५।६।४ को उदयपुरको विविध खर्च बापत ४७००।०० दोहोरो भुक्तानी गरेकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु ४७००.००

८४. **२८९।०७६।३।२५:** स्वास्थ्य शिविर संचालन गर्दाको भाडा बापत रु ६३०००।०० खर्च लेखेकोमा रु २०००।०० मात्र भाडा कर कट्टी गरेकोले नपुग कर रु ४३८०।०० असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु ४३८०.००

८५. **भरपाईबाट भुक्तानीः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले २० हजार भन्दा बढी रकमको खरीद गर्नु पर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर

दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र गर्नु पर्ने उल्लेख छ। गाउँपालिकाले भुक्तानी गरेका उपभोक्ताहरुको बिल अधिकांश योजनामा भरपाईबाट भुक्तानी भएको देखिन्छ । मूल्य अभिवृद्धि कर लाग्ने बस्तु समेत भरपाइबाट भुक्तानी हुँदा कर संकलन तथा कारोबार पारदर्शी हुने देखिएन । यस्तो भुक्तानीमा नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरु:

| गो.भौ.नं.र मिति | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १४०/०७५/१०/२५ | विविध | १०१७००.०० | भरपाईको सिफारिसको आधार |
| १९२/०७६/१/४ | विविध | २००००.०० | भरपाईको सिफारिसको आधार |
| २०४/०७६/१/९ | विविध | ५११६०.०० | भरपाईको सिफारिसको आधार |
| २३१/०७६/२/१३ | विविध | ३७६५०.०० | भरपाईको सिफारिसको आधार |
| २६३/०७६/३/१७ | विविध | २०१०००.०० | भरपाईको सिफारिसको आधार |
| १६/०७५/६/२ | विविध | ६०३६५.०० | भरपाईको सिफारिसको आधार |
| १७/०७५/६/२ | विविध | ५१८४०.०० | भरपाईको सिफारिसको आधार |
| २०१/०७६/१/८ | विविध | ८६४००.०० | भरपाईको सिफारिसको आधार |
| २९/०७६/३/२५ (स्वास्थ्य सशर्त) | फर्निचर | १५००००.०० | भरपाईको सिफारिसको आधार |
| ३३/०७६/३/३१ (स्वास्थ्य सशर्त) | विविध | २३२६४०.०० | भरपाईको सिफारिसको आधार |

८६. **पेश्कीको अभिलेख:** आर्थिक कार्यविधि नियमाली, २०६४ को नियम ७४(२) मा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन र अन्य व्यक्ति हकमा सो व्यक्तिको ३ पुस्ते स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी पेश्की दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले गत बिगत दिएको पेश्कीबाट यो बर्ष रहेको फछ्र्यौट घटाई बाँकी देखिने स्पष्ट पेश्की खाता राखेको छैन । गाउँपालिकाले एउटा पेश्की फछ्र्यौट नहुँदै पुन: पेश्की दिने गरेको, पेश्की नजनाई पेश्की दिने गरेको पेश्कीको अभिलेख नराख्ने गरेको पाइयो । पेश्की खाताको अभावमा पेश्की अनुगमनमा समस्या देखिएको छ । बिगत देखि लिएको पेश्कीको लगत अद्यावधिक गरी पुराना पेश्कीहरु फछ्र्यौट गर्नुपर्दछ ।

८७. **पेश्की:** प्रदेश १ आर्थिक कार्यविधि ऐन,२०७४ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ। गाउँपालिकाबाट उपलब्ध पेश्कीको विवरण र उक्त विवरणमा छुट हुन आएको तर लेखापरीक्षणबाट कायम हुन आएको पेश्की समेत निम्नानुसारको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वाँकी रहेको देखियो । नियमानुसार पेश्की रकम अविलम्ब असूल फछ्र्यौट गर्नुपर्ने रु. २८९८०९००.००

**शिक्षा तर्फ:**

| क स | कार्यक्रमको नाम | पेश्की लिएको मिति | रकम |
|---|---|---|---|
| १. | शान्ती मावि टेम्मा चारकोठे भवन निर्माण | ३।२५, १२।२९ र ३।४ | १७२८००० |
| २. | शान्ती मा वि छोरम्वु चारकोठे भवन निमार्ण | ३।२५, ०९।०९ र १२।२४ | १७२८००० |
| ३. | चारकोठे भवन निर्माण पेश्की रकम सरस्वति मा वि कुलागाउ | ३।२५, १।२९ | १७२८००० |
| ४. | सरस्वति मा.वि डाडाखर्क सैचालय निर्माण | ०३।१७ र २।२० | ७००००० |
| ५. | पवित्र प्रा वि डाडाखर्क सैचालय निर्माण | ०३।१७ र २।२० | ७००००० |
| ६. | पञ्चकन्या प्रा वि वातिखुम २ कोठे भवन निर्माण | ३।१७ | १६००००० |
| ७. | जनचेतना प्रा वि छितापोखरी २ कोठे भवन निर्माण | ३।१७ | १६००००० |
| | | **जम्मा** | **९७८४०००** |

**झोलुङ्गे पुल निर्माण**

| क स | कार्यक्रमको नाम | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| १. | झोलुङ्गगे पुल निर्माण | मदन राई | ११६०००० |

**समानीकरण पुँजीगत**

| क्र स | पेश्की विवरण | मिति | पेश्की रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | बखतलि मुहान पिप्ले खा.पा.मर्मत रामजि कुमार तामाङ | १२/२४ | १४४०० |
| २. | स.छिातापोखरी खा.पा.मर्मत पेश्की तिलक ब.राउत | १/०२ | २८०००० |
| ३. | बर्थिङ सेन्टर सञ्चालन पहिलो  पेश्की चन्द्रमाया राई | ०१/१२ | १९०००० |
| ४. | सछिातापोखरी खा.पा.मर्मत दोश्रो किस्ता  पेश्की तिलक ब.राउत | ०२/२२ | १००००० |
| ५. | बर्थिङ सेन्टर सञ्चालन दोश्रो पेश्की चन्द्रमाया राई | ०३/१५ | २००००० |
| ६. | खेलकुद मैदान मर्मत पेश्की अकिराज राई | ११/२९ | ४३००० |
| ७. | धिप्लुङ मा.वि. र जनसेवा मा.वि. नेट जडान छत्र पुरी | ०३/०२ | ४३००० |
| ८. | खेलकुद प्रशिक्षण विजय राई पेश्की | ०९/२३ | २३००० |
| ९. | कृष्ण मा.वि. जस्ता पाता तथा विधालय घेरावार पेश्की खेमराज मगर | ०१/१३ | २७०००० |
| १०. | केन्द्रीय विधुत विस्तार साविक टेम्मा ४ राम कुमार राई पेश्की | ०१/२९ | १००००० |
| ११. | रातमाटा हुदै खानिडाडाँ जोड्ने सडक सखार समिति शम्शेर व. कार्की पेश्की | ०६/१९ | ३००००० |
| १२. | रमाइलो सापातेल हुदै पञ्चमी सडक इनद्र व. वस्नेत पेश्की | ०६/१८ | २००००० |
| १३. | पञ्चमी देखि वतासे सम्म वाटो सखार समिति पुर्ण वं खड्का पेश्की | ०६/१८ | १००००० |
| १४. | महेन्द्रोदय आ.वि लिलिमा भवन निर्माण  योजना दुर्गा प्रसाद गुरागाई लाई पेश्की दिइएको | ०६/१७ | ४०२००० |
| १५. | रोलेकालिखोला खापा मर्मत सम्भार पेश्की रजिन राई | १२/२४ | ५७५०० |
| १६. | पेश्की कमल कुमार राई जे.के कम्प्युटर एण्ड इन्टरनेट सर्भिस | ०९/२६ | १००००० |
| १७. | जेके इन्टरनेट एण्ड कम्प्युटर सर्भिस दोश्रो पेश्की कमल कुमार राई | ११/१९ | १००००० |
| १८. | वडँ कार्यालय भवन निर्माण वडा नं ५ पहिलो  किस्ता पेश्की चक्र व खड्का | ०१/०४ | ७६८००० |
| १९. | जनसेवा हुदै छिातापोखरी सडक पेश्की मिलन खड्का | ०१/२४ | ८६००० |
| २०. | खरुवा राजकुलो रोभोलुङ सिचाइ योजना रविन्द्र कुमार राई पेश्की | ०२/०१ | ३००००० |
| २१. | नेपाल राष्टिय दलित समाज कल्याण संघ पेश्की सुकुमार विश्वकर्मा | ०३/०२ | २५००० |
| २२. | लक्षित वर्ग कार्यक्रम विकाश राई वडा नं ६ पेश्की | ०३/०५ | ८६००० |
| २३. | विपद व्यावस्थापन समिति पेश्की इनद वहादुर वस्नेत | ०३/०५ | २००००० |
| २४. | वडा कार्यालय भवन निर्माण वडा नं ५ दोश्रो किस्ता पेश्की चक्र व खड्का | ०३/११ | ५००००० |
| २५. | विपद कोष वडा नं ६ मिलन राई पेश्की | ०३/२४ | २००००० |
| २६. | विपद कोष गा.पा. ओमसरा राई | ०३/२५ | ५००००० |
| २७. | विपद व्यावस्थापन समिति वडा नं ४ पेश्की उद्दव आचार्य | ०३/२५ | २००००० |
| २८. | विपद कोष ओमशरा राई पेश्की | ०३/२५ | १००००० |
| २९. | विपद व्यावस्थापन समिति वडा नं ५ पेश्की पुर्ण वं खड्का | ०३/२५ | २००००० |
| ३०. | विपद व्यावस्थापन कोष वडा नं १ पेश्की शम्शेर वं कार्कि | ०३/२५ | २००००० |
| ३१. | लक्षित वर्ग कार्यक्रम खड्ग व थापा पेश्की वडा नं ५ | ०३/१६ | १०५००० |
| ३२. | विपद व्यावस्थापन वडा नं २ भिम व. खत्रि पेश्की | ०३/२५ | २००००० |
| ३३. | विपद व्यावस्थापन वडा न ७ पेश्की धन व. थापा मगर | ०३/२५ | २००००० |
| ३४. | साना खानापानी आयोजना (यजुमान राई) | ३/४ | २५००० |
| | | **जम्मा** | **६४१७९००।००** |

**सशर्त प्रदेशः**

| क स | पेश्की विवरण | मिति | पेश्की रकम |
|---|---|---|---|
| १. | साप्सुखोला मोटरेवल पुलसुर्य एण्ड सन्स प्रा.लि पेश्की उमेश श्रेष्ठ | ०२/१७ | ४८००००० |
| २. | साप्सुखोला मोटरेवल पुलसुर्य एण्ड सन्स प्रा.लि दोश्रो पेश्की उमेश श्रेष्ठ | ०३/२८ | ४८००००० |
| | | **जम्मा** | **९६०००००।००** |

**कृषि हेल्भेटास कार्यक्रम**

| क स | पेश्की विवरण | मिति | पेश्की रकम |
|---|---|---|---|
| १. | लक्ष्मी प्रसाद रेग्मी पेश्की | ०७६/३/१५ | ५००००० |
| २. | केशब विष्ट | ६५/०७६/३/२४ | १००००० |
| ३. | दिनेश तामाङ्ग | ६९/०७६/३/२५ | १००००० |
| ४. | भुवन बस्नेत | ७१/०७६/३/२५ | १००००० |
| ५. | प्रेम कुमार अधिकारी | ८३/०७६/३/२५ | १००००० |
| ६. | पर्शुराम राउत | ८५/०७६/३/२५ | १००००० |
| ७. | बिरेन्द्र खड्का | ८७/०७६/३/२५ | १००००० |
| | | **जम्मा** | **११०००००** |

**स्वास्थय तर्फ**

| क स | पेश्की विवरण | पेश्की लिने | पेश्की रकम |
|---|---|---|---|
| १. | स्वास्थ्य कार्यक्रम | मुस्ताक अहमद मन्सुरी | ९१९००० |

८८. **पेश्की फछ्र्यौटः** गाउँपालिकाको च.नं. ९११, मिति २०७६।११।२३ को आ.व. २०७५।०७६ को पेश्की आ.व. २०७६।०७७ लेखापरीक्षण अवधिसम्म फछ्र्यौट भएको प्रमाण पेश भएकोले उक्त रकमलाई पेश्की वेरुजुबाट हटाइएको छ ।

| सि.नं. | पेश्की लिने | रकम |
|---|---|---|
| १. | लक्ष्मी प्रसाद रेग्मी | ५४००००.०० |
| २. | मुस्ताक अहमत मन्सुरी | ११०००००.०० |
| | जम्मा | १६४००००.०० |

८९. **नविकरणीय उर्जा तर्फः** नविकरणीय उर्जामा मणिचन्द्र राईको पेश्की बाँकी रु २५००००।०० रहेकोमा लेखापरीक्षणको क्रममा २०७६।११।२१ मा सो पेश्की रकम संघीय संचित कोषमा दाखिला हुनुपर्नेमा स्थानीय संचित कोषमा दाखिला भई फछ्र्यौट भएको छ । स्थानीय संचित कोषमा दाखिला भएको रकम संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु

(रकम स्तम्भ) २५००००.००

९०. **सम्परीक्षण :** प्रदेश आर्थिक कार्याविधि ऐन २०७४ बमोजिम गाउँपालिकाले बेरुजू फछ्र्यौट गरि सम्परीक्षणको लागि अनुरोध गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको गत विगतको बेरुजू मध्ये लेखापरीक्षणको क्रममा बेरुजुसँग सम्बन्धित प्रमाण कागजातहरू सलग्न राखी बेरुजू फछ्र्यौट गरि सम्परीक्षण लागि अनुरोध भई आएको प्रमाण कागजात परीक्षण गर्दा व्यहोरा मनासिब देखिएकोले मिति २०७६।११।२५ को प्रारम्भिक प्रतिवेदनको संलग्न अनुसूचि २ बमोजिम रु ९५२५५४५।०० बेरुजु फछ्र्यौट गरिएको छ ।

**अनुसूची- १**

# दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङको सञ्चित कोष विवरण
## २०७५।०७६

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | दिप्रुङ चुइचुम्मा गाउँपालिका | खोटाङ | ४७३५० | ८८४३० | १८४२१५ | ११५३३१ | ३८७९७६ | २२१७०४ | १६०८५७ | १४२०३ | ३९६७६४ | ३८५६२ |

**अनुसूची- २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।०७६

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | खोटाङ | दिप्रुङ चुइचुम्म गा.पा. | ८० | २३ | ४८६९० | ० | ० | ० | ८० | २३ | ४८६९० | ७४०० | ९७९ | ११३३० | ० | ० | १२३०९ | ८०२७ | २०९५४ | २८९८१ |

**अनुसूचि ३**

### अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | खोटाङ | ४०२१५ | ९५२५ | ३०६९० | ०० | ४८६९० | ७९३८० |